# Sanibheri Rural Municipality

# Office of the Rural Municipal Executive

Simli Rukum West

Karnali Province,Nepal

Second Published Date: 2079-06-26 B.S. (Oct-12, 2022 AD)

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following equipment under Sealed Quotation Procedure.

| Contract Identification No. | Description of Goods | Estimated Amount, NRs. (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|
| 02-Re/GOODS/SQ/SRM/079/080 | The Procurement of Supply and Delivery of Motorcycles(160+-5%CC) & Scooters (125+-5%CC) at Sanibheri Rural Municipality Rukum (West) | 19,99,907.90 | 55,000 | 1,000 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP System www.bolpatra.gov.np/egp
3. Electronic Bidding Document is available online and can be downloaded on or before 12:00PM on Oct-27, 2022 from the date of publication. Documents received after this deadline shall not be accepted on oct-27,2022 from the date of publication.
4. The bidder shall be required to deposit the non-refundable fee of NRs 1,000 in the internal revenue account as specified below and electronic scanned copy (pdf format) of the bank deposit voucher shall also be submitted along with the Electronic Bids file.

Information to deposit the cost of bidding Document in Bank

Name of Bank: Sunrise Bank Limited, Sanibheri Branch, Rukum (west)

Name of office: Sanibheri Rural Municipality

Rajaswa (Internal Revenue) Account No: 07705307877O3009

5. Bidder shall submit the electronic bid through website https:/ www.bolpatra.gov.np/egp on or before 12:00 PM or before Oct-27,2022 from the date of publication as specified in the instruction to bidder. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of bidder represent rives who choose to attend at the address above at 1:00 PM on Oct-27, 2022 from the date of publication.
6. In the case of discrepancies or error in bid documents bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure written in word is valid.
7. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti Account No .0770530787703004) on behalf of Sanibheri Rural Municipality Rukum (West) at Sunrise Bank Limited Sanibheri Branch Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the instruction to bidder included in bid document noncompliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

Chief Administrative Officer

# नारायणगढ-मुग्लिन सडक: चालु आवभित्र १२ पुल निर्माण हुने

भरतपुर (जस)- चालु आर्थिक वर्षभित्र नारायणगढ-मुग्लिन सडकखण्डका १५ पुलमध्ये १२ वटाको निर्माण सकिने भएको छ । नारायणगढ-मुग्लिन सडक आयोजनाका अनुसार यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी पुल निर्माणको काम धमाधम भइरहेको छ । आयोजनका प्रमुख किरण कार्कीले निर्माण भइरहेका १५ वटा पुलमध्ये १२ पुल यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने बताए । उन्नाइस पुलमध्ये चार पुल यसअघि नै निर्माण सम्पन्न भइसकेका उनले जानकारी दिए । पछिल्लोपटक १५ पुल निर्माणका लागि दुई प्याकेजमा ठेक्का आह्वान गरेर काम सुरु गरिएको हो ।

तीमध्ये पहिलो प्याकेजको ४५ र दोस्रो प्याकेजको ८२ प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ । समग्रमा १५ पुल निर्माणको काम ६० प्रतिशत काम सकिएको छ । सडकखण्डअन्तर्गतका पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको हो । प्याकेज-१ मा इच्छाकामना गाउँपालिकाको मुग्लिनबाट रिग्दीखोलासम्मका पुल छन् । जसमा खहरे, चिसेन्जी, तुइन, काली, टोपे, त्याम्सी र रिद्धीखोला गरी सात पुल छन् । यीमध्ये टोपेखोलाको पुल तीन-चार महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

चिसेन्जी र तुइन पुलको काम भर्खर सुरु भएको छ । "यी पुलको डिजाइन गर्न नै एक वर्ष लाग्यो, प्रमुख कार्कीले भने", पुल निर्माणका लागि डाँडा कटान गर्नुपर्ने भएकाले पहिलो चरणमा ठाउँ तयार गर्दैछौँ ।" भौगोलिकरूपमा पनि यी दुई पुल निर्माण गर्न कठिनाइ रहेको उनले बताए । तिहारपछि एक-दुई घण्टा राजमार्ग बन्द नै गरेर काम गर्ने योजना बनाएको कार्कीले जानकारी दिए । रिद्धी र कालीखोलामा आर्कब्रिज भएका कारण निर्माणमा समय लाग्ने उनको भनाइ छ । नाम्चेखोलामा पहिराले दुःख दिएका कारण पुल निर्माणमा समस्या भएको कार्कीले बताए । "रिद्धीखोला र कालीखोलाको पुल चैतसम्म निर्माण सक्ने गरी काम भइरहेको छ, तिहारपछि कामले झन् गति लिन्छ", उनले भने ।

प्याकेज-२ मा भरतपुर महानगरपालिकाअन्तर्गत सिमलतालबाट जुगेडीसम्मका पुल पर्छन् । जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोला गरी आठ पुल छन् । यो प्याकेजअन्तर्गत जुगेडीबाहेक अन्य पुलको ९० प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ । जुगेडी पुलको पिलर निर्माणको काम भएको छ । सो क्षेत्रमा रहेका घरटहरा र मुअब्जा वितरणमा भएको ढिलाइका कारण पुल निर्माणमा असर परेको आयोजना प्रमुख कार्कीले बताए । यो प्याकेजअन्तर्गत पाँचवटा पुल तीन-चार महिनाभित्रै गाडी गुडाउन मिल्ने गरी काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएको उनले भने ।

कार्कीका अनुसार प्याकेज-१ का सात पुल चार सय ४२ मिटर लामा छन् भने प्याकेज-२ का आठ पुल तीन सय ८१ मिटर लामा छन् । पुलको गाडी हिँड्ने ठाउँ सात दशमलव पाँच मिटर फराकिलो हुनेछ । दुबैपट्टि एक दशमलव पाँच मिटर फराकिला फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ । ठेकेदार कम्पनीलाई नक्साङ्कनसहित ठेक्का दिइएकाले कुल खर्चमा १० प्रतिशत तलमाथि हुनसक्ने आयोजनाले जनाएको छ । दुबै ठेक्का एउटै कम्पनीले पारेको हो । १५ पुलका लागि विसं २०७६ चैत १० गते ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताको ३३ महिनामा काम सम्पन्न गर्ने गरी अनक कन्स्ट्रक्सनले ठेक्का स्वीकार गरेको थियो । तर सम्झौताको म्याद सकिन तीन महिनामात्रै बाँकी छ । एक वर्ष म्याद थप गर्ने आयोजनाले तयारी गरेको छ । नारायणगढ-मुग्लिन सडक बिस्तार भएको तीन वर्ष बितिसक्दा पनि पुल निर्माणको काम सकिएको छैन ।

आयोजनाले कोरोना महामारी, भौगोलिक कठिनाइ, प्राकृतिक प्रकोप र मुअब्जा वितरणलगायतका कारणले काममा ढिलाइ भएको बताएको छ । पुल निर्माणका लागि आवश्यक बजेट अभावमा पनि काममा ढिलाइ भएको आयोजनाले बताएको छ । यस वर्ष रु ५० करोड माग गरेकामा रु ११ करोडमात्र विनियोजन भएको छ । पुल निर्माण समयमा नसकिँदा यो सडकखण्ड हुँदै आवतजावत गर्ने सवारी तथा यात्रुले समय-समयमा जामको सास्ती खेप्नुपरेको छ भने दुर्घटनाको समेत जोखिम छ । हाल भएका पुराना पुल सबै अवस्थामा छन् । यो राजमार्गलाई एसियन विकास बैंक (एडिबी) को सहयोगमा एसियन मापदण्डअनुसार बनाइएको हो ।

# अर्ग्यानिक कफी जापान, कोरिया र जर्मनी निर्यात

चौतारा (जस)- सिन्धुपाल्चोकमा उत्पादित अर्ग्यानिक कफीमा विदेशी चासो बढेसँगै किसानले व्यावसायिक खेती सुरु गरेका छन् । जिल्लामा उत्पादित कफीको गुणस्तर भएपछि जापान, कोरिया र जर्मनीमा व्यापारीले निर्यात गर्न थालेका छन् । आउँदो सिजनमा उत्पादन हुने कफीका लागि विदेशीले 'बुकिङ' गरिरहेका छन् ।पन्ध्र वर्षदेखि जिल्लाका केही भागमा सुरु गरिएको कफीखेती अहिले ३२ गाउँमा विस्तार भइसकेको छ । जिल्लाका विकट गाउँमा उत्पादित अर्ग्यानिक कफीले अन्तर्राष्ट्रिय बजारमा उच्च माग पाएपछि व्यवसाय लागतअनुसार मूल्य पाउन सकिएको किसान सुदर्शन बोलखे बताए ।

गत वर्ष १८ मेट्रिक टन पाचमेन्ट र पाँच मेट्रिक टन चेरीकफी जापान, कोरिया र जर्मनी निर्यात भएको जिल्ला कफी सहकारी संस्थाका अध्यक्ष भूपेन्द्र भण्डारीले जानकारी दिए । प्राङ्गारिक प्रमाणीकरण गरी पठाइएको कफी विदेशी बजारमा गुणस्तरीय ठहरिएपछि माग बढेको हो । अन्तर्राष्ट्रिय बजार र नेपालका ठूला सहरमा निर्यात हुन थालेपछि किसानले ६४ कफी उत्पादन समूह गठन गरिसकेको सङ्घका व्यवस्थापक मन्दु थापाले बताए । उनका अनुसार उत्पादित कफी जिल्ला कफी सहकारी सङ्घले संयोजन गरी विदेश निर्यात गर्दै आएको छ । किसानले वार्षिक रु एक करोडभन्दा बढी जिल्ला भित्र्याउँदै आएका छन् । कफीखेतीमा जिल्लाभरका दुई हजार एक सय ५० किसान आबद्ध छन् । उत्पादित कफीको माग बढ्न थालेपछि उत्पादनस्थलमै प्रशोधन गर्न प्रशोधन केन्द्र स्थापना गरिएको छ ।

विगत लामो समयदेखि कफीखेती गर्दै आउनुभएका मेलम्ची नगरपालिका- १० शिखरपुरका शङ्कर खनाल कफी व्यवसायकै भरमा परिवार पाल्न सक्षम हुनुभएको छ । गाउँभरि कोदो र मकै रोप्ने बारीमा कफीका बिरूवा ल्याएर लगाउन थालेपछि खनालका छिमेकी अचम्मित भएका थिए । पछि कफी उत्पादन गरी बिक्री गर्न थालेपछि भने छिमेकीमा पनि कफी लगाउने रहर जाग्न थाल्यो । फलतः खनालका छिमेकीहरू पनि कफीखेती गर्न अग्रसर हुन थाले । गाउँलेले पनि कफी रोप्न मन लागेको बताएपछि आफूले नै बिरूवा उत्पादन गरेर उनले बताए ।

कफीखेतीमा प्रशस्त जानकारी हासिल गरिसक्नुभएका उनले सुरुमा काम गर्न कठिन भए पनि बिरूवाले उत्पादन दिन थालेपछि खुसी लागेर काम गर्न हौसला मिल्ने बताए । कफीका बिरूवामा रोग लाग्दासमेत सावधानीपूर्वक उपचार गरेर उत्पादन लिन सक्नुपर्ने खनालको अनुभव छ । उनले भने, "सकेसम्म रासायनिक विषादीभन्दा तितो, टर्रो, पिरो र कोक्याउने जातका वनस्पतिको प्रयोगबाट रोग र किरा निर्मूल गर्नपर्छ ।" अहिले शिखरपुरका खनाल र उनका छिमेकीमात्र होइन, हेलम्बु गाउँपालिकाको महाँकालका रेतनाथ लामिछानेले पनि आफ्ना बाँझा पाखामा कफीका बोटले हरिया बनाउनुभएको छ । मुस्किलले कोदो फल्ने ती पाखामा कफी राम्रै उत्पादन हुने लामिछानेले बताए । बोटबाट टिपेर केजीको रु चार सयदेखि पाँच सय ५० सम्म कफी उद्योगमा पुर्‍याएर कफी बिक्री गर्दा पनि सामान्य बालीमा भन्दा फाइदा हुने उनको अनुभव छ ।

# वर्षाले धानबाली नष्ट गरेपछि किसान मर्कामा

ढोरपाटन (जस)- बागलुङको निसीखोलामा लगातारको वर्षाले पसाउन लागेको धानबालीमा ठूलो क्षति पुगेको छ । गत असोज १८ गतेदेखि लगातार परेको वर्षाले धान खेतीसँगै भित्र्याउने बेला भएको सिमी, बोडी र भट्टमासमासमेत क्षति पुर्‍याएको हो । गाउँपालिका-२ काखगेन्द्रबहादुर सुनारले भने,"लगातारको वर्षाले पसाउन थालेको धानबाली सबै सोत्तर परेर ढलेको छ, अब नपाक्दै त्यसलाई न टिप्नु, न त्यत्तिकै छोड्नु, हामीलाई वर्षभरी के खाने भन्ने चिन्ता बढेको छ, खेतभरी धानढलेको देख्दा मन भतभति पोल्छ, सिमी, बोडी र भट्टमास त्यसै कुहिएको छ ।"

धानको बीउसमेत नरहने गरी पानीले सोत्तर बनाइदिएको उनको भनाइ छ । सुनारले आफूले करिब १७ मुरी फल्ने खेतमा धान लगाएको भन्दै पानीका कारण १४ मुरी धान नष्ट भएको बताए । उन भन्छन्, "यसपाली धान निकै सप्रिएको थियो, अघिल्लो वर्षमा १७ मुरी धान भित्र्याउने गर्थे, यसपाली बढेर २० मुरी हुने अनुमान थियो ।" अर्का स्थानीयवासी मीनबहादुर खत्रीले यसपाली बेमौसमी वर्षाले निकै ठूलो समस्यामा पारेको बताए । उनले वर्षाका कारण १० मुरी धान नोक्सान भएको बताउँछन् । " बर्खाभरी दुःख गरेर धान लगाइयो, फल्ने बेला सबै ढल्यो" उनले भने "गाउँका धेरै किसानको धान ढलेको छ, यो वर्षा भोकमरी लाग्न सक्छ ।"

गाउँपालिकाको सबैभन्दा बढी धान फल्ने क्षेत्र वडा नं १ को वायखोला, २ को काल्नेचौर, वडा नं ३ को बोहरा गाउँ, फाँट र वडा नं ४ को रुपौटेफाँट, स्वाराँफाँट हुन् । यी फाँटका अधिकांश खेतमा धान ढलेका छन् । २० वर्षपछि यस क्षेत्रमा अहिले यति धेरै धानबालीमा क्षति पुगेको स्थानीयवासी कृष्णघर्ती मगरले बताए । उनले आफ्नो करिब ६० प्रतिशत धानबाली नष्ट भएको बताए । उन भन्छन्,"हरेक वर्ष धान उत्पादन राम्रो हुँदै गएको थियो, यसवर्ष पनि धान निकै राम्रो भएको थियो, के गर्नु पसाउने बेला वर्षाले सबै नोक्सान गरिदियो, धान ढलेपछि हाम्रो जीउमा घामनै लागेको छैन ।"

कृषि ज्ञानकेन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले प्रारम्भिक प्रतिवेदन अनुसार बागलुङमा यसवर्ष पाँचप्रतिशत धानबाली नोक्सानी भएको बताए । उनका अनुसार जिल्लामा छ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । अझै वर्षा भयो बने ६० प्रतिशत धान नोक्सान हुनसक्ने उनको भनाइ छ ।

नोक्सानी व्यहोरेका किसानले विवरण कृषिज्ञान केन्द्रमा पठाएपछि राहतको लागि आफूहरुले मन्त्रालयमा सिफारिस गर्ने बताए । किसानले क्षतिको विवरण पठाउँदा अघिल्लो वर्ष राहत पाउन नसकेको उनले बताए । "यसवर्ष लामो वर्षा भयो, वर्षाका कारण धानबालीमा असर पुगेको छ, अहिलेसम्म हाम्रो प्रारम्भिक रिपोर्टका आधारमा हेर्दा पाँच प्रतिशत धानबाली नोक्सानी भएको अनुमान गरेका छौँ", प्रमुख भट्टराईले भने "गतवर्ष जिल्लाभरी रु एक करोड सत्र लाख बराबरको क्षति भएको थयो, राहतका लागि मन्त्रालयमा क्षति विवरण पठायौँ तर किसानले अहिलेसम्म राहत पाउनु भएन ।"

# पाङ्राङमा सुन्तला उत्पादन बढ्ने

पर्वत (जस)- व्यावसायिक सुन्तलाखेतीका लागि प्रख्यात बन्दै गएको पर्वतको पाङ्राङका कृषकले यस वर्ष सुन्तला उत्पादन बढ्ने बताएका छन् । यस वर्ष कम वर्षा भएको तथा रोग, किरा र असिनाको प्रकोपसमेत नभएकाले सुन्तला उत्पादन बढ्ने अपेक्षा गरिएको श्रीनगर सुन्तला उत्पादक सहकारीका अध्यक्ष तारालाल कुवँरले बताए । गत वर्ष सहकारीमार्फत ८० लाखका सुन्तला बेचेका यहाँका कृषकले यस वर्ष कम्तीमा डेढ करोड भित्र्याउन सफल हुने उनको भनाइ छ ।

"मौसमी अनुकूलताले उत्पादन दोब्बर हुने अपेक्षा छ", अध्यक्ष कुवँरले भने, "कतिपय कृषकले पाँच लाखभन्दा बढीका सुन्तला बेच्नु हुनेछ । अर्का कृषक तोयराज कुँवर भन्छन्, "यो वर्ष राम्रो फल दिएको छ, अब असोजको झरीले असर नगरेमा उत्पादन राम्रो लिनसक्ने आशमा छ" उनले भने ।

परम्परागत तरिकाले मकै र कोदो लगाउने बारीमा सुन्तलाखेती सुरु गरेपछि यहाँका दुई सयभन्दा बढी परिवार खुसी छन् । उपल्लो श्रीकाङ, साल्ले, सुलिकोट मात्रै होइन छिमेकी कुर्घाको ठूलास्वाँरा, नुवाखर्कलगायतका क्षेत्रलाई समेटेर सुन्तला उत्पादनको पकेट ब्लक क्षेत्रका रुपमा विकास गर्न थालिएको छ । हरेक वर्ष खेती विस्तारको काम भइरहेको छ । सुन्तलाबाट वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्न थालेपछि उनीहरुको जीवनस्तरमा समेत परिवर्तन आउन थालेको छ । गाउँमा उत्पादित सुन्तलालाई श्रीनगर सुन्तला उत्पादक सहकारीमार्फत बेचबिखन गर्न थालेपछि देशका मुख्य मुख्य सहरमा समेत बजार पाउन थालेको छ ।

उत्पादित सुन्तला पोखरा, काठमाडौं, बुटवल, विराटनगरलगायतका व्यापरीले गाउँमै आएर खरिद गर्न थालेको अध्यक्ष कुँवरले बताए ।


# Sanibheri Rural Municipality
## Office of The Rural Municipal Executive
Simli Rukum West

Karnali Province, Nepal

## INVITATION FOR BIDS

**Second Published Date: 2079/06/26 B.S. (Oct 12, 2022 AD)**

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following equipment under Sealed Quotation Procedure.

| Contract Identification No. | Description of Goods | Estimated Amount, NRs. (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 02-Re/GOODS/SQ/ SRM/079/080 | The Procurement of Supply and Delivery of Motorcycles(160±5%CC) & Scooters (125±5%CC) at Sanibheri Rural Municipality Rukum (West) | 19,99,907.90 | 55,000 | 1,000 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP System *www.bolpatra.gov.np/egp*
3. Electronic Bidding Document is available online and can be downloaded on or before 12:00PM on **Oct-27, 2022** from the date of publication. Documents received after this deadline shall not be accepted on **Oct-27, 2022** from the date of publication.
4. The bidder shall be required to deposit the non-refundable fee of NRs 1,000 in the internal revenue account as specified below and electronic scanned copy (pdf format) of the bank deposit voucher shall also be submitted along with the Electronic Bids file.
   **Information to deposit the cost of bidding Document in Bank**
   **Name of Bank: Sunrise Bank Limited, Sanibheri Branch, Rukum (west)**
   **Name of office: Sanibheri Rural Municipality**
   **Rajaswa (Internal Revenue) Account No: 0770530787703009**
5. Bidder shall submit the electronic bid through website *https:/ www.bolpatra.gov.np/egp* on or before 12:00 PM or before **Oct-27, 2022** from the date of publication as specified in the instruction to bidder. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of bidder representrives who choose to attend at the address above at 1:00 PM on **Oct-27, 2022** from the date of publication.
6. In the case of discrepancies or error in bid documens bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure written in word is valid.
7. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (**Dharauti Account No .0770530787703004**) on behalf of Sanibheri Rural Municipality Rukum (West) at Sunrise Bank Limited Sanibheri Branch Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the instruction to bidder included in bid document noncompliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

**Chief Administrative Officer**